मिति : २०७७/०१/२१

श्रीमान संयोजकज्यू

जिल्ला समन्वय समिति, बाँके

**बिषय : ध्यानाकर्षण सम्वन्धमा ।**

बिश्वभर कोरोना भाईरस (कोभिड १९) ले पारेको प्रभावको कारण हालसम्म ३४ लाख ८५ हजार ९ सय ३६ भन्दा बढी मानिसहरु संक्रमित भैसकको, २ लाख ४४ हजर ८ सय १२ हजार भन्दा बढी मानसिहरुको मृत्यु भईसकोको परिस्थितिमा नेपाल पनि यसको प्रभावबाट अछुतो रहन सकेको छैन । नेपालमा हालसम्म ५९ जना ब्यक्तिमा कोभिड- १९ संक्रमणबाट प्रभावित भएको पाईएको छ । संक्रमण फैलिन नदिन सरकारी तवरबाट भएका उचित कार्यहरुको सह्राना गर्दै मानव अधिकारका निम्न सवालमा हाम्रो ध्यानाकर्षण भएको जानकारी गराउंदछौ ।

लकडाउनका कारणबाट विपन्नताको अबस्थामा वाँचिरहेका नागरिकहरुको अवस्था, लकडाउन पश्चातको मानव अधिकारको अवस्था, नागरिकहरुको नैसर्गिक अधिकार, उपभोक्ता/ खाद्य अधिकार तथा स्वास्थ्य सेवामा पहुँच, कोरोनाको रोकथाम, नियन्त्रणका लागि भएका प्रयास, बितरण भईरहेको राहत लगाएतका बिषयहरुमा अनुगमन गर्नका लागि बार एसोसिएसनको नेतृत्वमा जिल्ला स्थित मानव अधिकारवादी संघ, संस्थाका प्रतिनिधिहरुको संलग्नतामा मानव अधिकार निगरानी समिति गठन भई बाँके जिल्लामा २०७६ चैत्र २६ गते देखि मानव अधिकार अनुगमन भईरहेको परिप्रेक्ष्यमा अनुगमनबाट प्राप्त तथ्यहरुका आधारमा तत्काल निम्नानुसार कदम चाल्न अनुरोध गर्दछौ ।

१. कोरोना रोकथाम, नियन्त्रणका लागि सरकारी तवरबाट भएका पहल, प्रयासहरुको उच्च मुल्याँकन गर्दै प्रशंसा गर्दछौं ।

२. बांके जिल्लाको बिभिन्न स्थानमा बनाईएका क्वारेन्टिनहरु कतिपय राम्रो भएता पनि अधिकाँश सरकारी मापदण्ड बमोजिम व्यवस्थित हुन नसकेको । क्वारिन्टनमा आधारभुत नियमित स्वास्थ्य जाँच नभएको, खाना गुणस्तरिय नभएको, शौचालय व्यवस्थित नभएको, दुर्घन्धित भएको, नियमित रुपमा आवश्य स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको उपलब्धता नभएको पाईएकाले सरकारी मापदण्ड बमोजिम आवश्यक व्यवस्था मिलाउन जोडदार माग गर्दछौं ।

३. महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज लगाएतका कतिपय क्वारिन्टनमा शारिरीक दुरी कायम हुन नसकेको, भारतबाट आएका नेपाली र नेपालबाट भारत फर्किन लागेका भारतियहरु एउटै क्वारिन्टिनमा रहेकाले यसबाट जोखिम हुन सक्ने भएकाले सोको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४. राहत बितरण सरकारी मापदण्ड र कार्यबिधि बमोजिम हुन नसकेको, राहत बितरण पारदर्शी नभएको, स्थानीय तह बीच एक, आपसमा समन्वय नभएको, लक्षित बर्गले राहत पाउन नसकेको, राहत सामाग्री खरिद गर्दा आवश्यक प्रकृया अवलम्वन नगरेको गुनासो प्राप्त भएकाले कार्यबिधि र मापदण्ड बमोजिम राहत पारदर्शी तरिकाले लक्षित बर्गलाई उपलब्ध गराउनु पर्ने ।

५. राप्तीपारी खुल्ला सीमा क्षेत्रका कारण नाका सीलका बीच भारत तर्फबाट ब्यक्तिहरु आउने क्रम नरोकिएको पाईएकाले यस तर्फ तत्काल ध्यान दिनु पर्ने देखिन्छ ।

६. नेपालगञ्ज शहर लगायत ग्रामीण भेगमा दैनिक उपभोग र खाद्य सामाग्रीको अभाव शुरु हुन थालेको साथै खाद्य सामाग्रीको मुल्य बृद्धि भएकाले कालोबजारी नियन्त्रण र उपभोक्ता अधिकारको संरक्षण गर्नुपर्ने ।

७. स्थानीय तह अर्न्तगत नरहेका स्वास्थ्य केन्द्रहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह नभएको, आवश्यक औषधीको अभाव रहेको, दरवन्दि अनुसार स्वास्थ्यकर्मीहरुको अभाव रहेको, कतिपय स्थानमा स्थानीय तहको निर्देशनलाई समेत स्वास्थ्यकर्मीहरुले पालना नगरेको, यौन तथा प्रजनन स्वास्थ्य सेवा नियमित हुन नसकेको, कतिपय स्थानमा बर्थिङ्ग सेन्टर सुचारु हुन नसकेको, बालबालिकाहरुलाई दिईने नियमित खोप सेवा सञ्चालन हुन नसकेको पाईएकाले स्वास्थ्य सेवा प्रभावकारी र नियमित बनाउनु पर्ने तर्फ ध्यानाकर्षण गराउँदछौं ।

८. राहत बितरण, क्वारेन्टिन व्यवस्थापन लगायतका बिषयमा लैंगिक सम्बेदनसिलतामा ध्यान दिएको नपाईएकाले यस तर्फ सम्वन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

९. बिभिन्न ठाउँहरुमा स्थानीय तह, स्थानीय वासीहरुले सडक आवागमनमा बाधा पुग्ने गरि बाटो अवरोध गरेको पाईएकाले सम्वन्धित निकायहरुलाई तत्काल सडकको अवरोध हटाउन जोडदार माग गर्दछौं ।

१०. सुरक्षाकर्मी, स्वास्थ्यकर्मी लगाएतलाई पिपिई लगाएत स्वास्थ्य सामाग्रीहरुको अभावका बावजुत पनि काम गरिरहेको पाईएकाले सो जोखिमलाई न्यूनिकरण गर्नका लागि स्वास्थ्य सामाग्रीहरु उपलब्ध गराउनुपर्ने ।

११. मल, खाद तथा बिउ, बिजनको अभाव देखिएकाले तत्काल सो समस्या समाधानका लागि पहल गर्नुपर्ने ।

१२. स्थानीय उत्पादनका तरकारीहरु बिक्रि, बितरण हुन नसकि खेर गईरहेको तर भारतबाट दिनहुँ तरकारी भित्रिई रहेकाले यस तर्फ तत्काल ध्यान दिनुपर्ने ।

१३. जस्तो सुकै बिषम परिस्थितीमा पनि आम नागरिकको आधारभुत मानव अधिकारको रक्षा गर्नुपर्ने दायित्व राज्यको हुनेभएकाले यस तर्फ सम्वन्धित पक्ष जिम्मेवार हुनुपर्ने ।

१४. बर्तमान बिषम अवस्थाका कारण आम नागरिकको मानव अधिकार उपभोगको अवस्था अध्ययन गर्नका लागि मानव अधिकार अनुगमन आवश्यक भएकाले सो कार्यका लागि खटिने अधिकारकर्मीहरुलाई आवश्यक सहयोग गरिदिन आग्रह गर्दछौं ।

१५. राज्यलाई आवश्यक परेका बेला प्रत्येक नागरिकले सेवा गर्नु पर्ने कर्तब्य र दायित्व पनि भएको हुँदा अधिकार माग्दा कर्तब्य नभुल्न हामी सबैमा अनुरोध गर्दछौ ।

१६. जाजरकोट निवासी एक अशक्त, बिरामी नेपाली नागरिक भारतको रुपैडिया स्थित प्रेम सेवा चिल्ड्रेन्स होम परिसरमा अलपत्र अवस्थामा रहेकाले निजलाई आवश्यक व्यवस्था मिलाई यथासिघ्र उद्धार गरी नेपाल ल्याउन स्थानीय प्रशासनसँग जोडदार माग गर्दछौं ।

१७. भारतका बिभिन्न ठाउँहरुबाट नरैनापुर नाकाबाट नेपाल प्रबेश गरेका नेपाली नागरिकहरुलाई पुनः दशगजामा व्यवस्थापन नगरि अलपत्र अवस्थामा छाडिएको जानकारी गाउँपालिकाका अध्यक्षबाट प्राप्त भएकाले सर्वोच्च अदालत र उच्च अदालत नेपालगञ्जले आफ्ना नागरिकहरुलाई देश भित्र ल्याई व्यवस्थापन गर्न आदेश समेत भईसकेको सन्दर्भमा उक्त नागरिकहरुलाई क्वारेन्टाईनमा राखि आवश्यक व्यवस्था मिलाउन आग्रह गर्दछौं ।

१) सुनिल श्रेष्ठ, केन्द्रीय उपाध्यक्ष, नेपाल बार एशोसियसन

२) विकास आचार्य, अध्यक्ष, उच्च अदालत बार एसोसिएसन, नेपालगञ्ज

३) मोहम्मद अयुब सिद्धिकी, अध्यक्ष, बाँके जिल्ला अदालत बार एसोसिएसन, नेपालगञ्ज

४) सुरेश कुमार गौतम, क्षेत्रिय संयोजक, फियान नेपाल, केन्द्रीय उपाध्यक्ष, मानव अधिकार एलाइन्स

५) नमस्कार शाह, अध्यक्ष, गैसस महासंघ नेपाल बाँके

६) बसन्त गौतम, अधिकारकर्मी /एडभोकेसी फोरम

७ रबिन्द्रकर्ण, अधिकारकर्मी

८) प्रभात कुमार ठकुरी, अध्यक्ष, मानव अधिकार एलाईन्स बाँके

९) प्रहलाद बहादु कार्की, अध्यक्ष, नेपाल मानव अधिकार संगठन, बाँके

१०) आलम खान, प्रमुख, थर्ड एलाइन्स

११) कृष्णमुरारी भट्राई, उपाध्यक्ष, सूचना तथा मानव अधिकार अनुसन्धान केन्द्र